आज मिति २०८१/०४/०८ गते मंगलबार विहान ७:३० बजे तपशिलका प्रस्तावहरुमा छलफल गरी निर्णय गर्न शान्तिनगर गाँउपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेतज्यूको अध्यक्षता बसेको आ.व. २०८०।०८१ को शान्तिनगर गाउँ कार्यपालिकाको **प्रथम** बैठकमा देहायको उपस्थिति र निर्णय भयो।

**उपस्थिति:**

| दस्तखत | सि.नं. | पद | पदाधिकारीको नाम, थर | |
|---|---|---|---|---|
| | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमाकुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| | ३ | सदस्य | श्री जंग बहादुर पुनमगर | १ नं. वडा अध्यक्ष |
| | ४ | सदस्य | श्री सुनिल ओली | २ नं. वडा अध्यक्ष |
| | ५ | सदस्य | श्री मिन बहादुर के. सी. | ३ नं. वडा अध्यक्ष |
| | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| | ७ | सदस्य | श्री ओपेन्द्रबहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| | १२ | सदस्य | श्री रञ्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य (४ नं वडा) |
| | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य (७ नं वडा) |
| | १६ | सचिव | श्री कर्ण बहादुर नेपाली | प्रमुख प्रशासकीय अधिकृत |
| **सहयोगी कर्मचारी** | | | | |
| | १ | सचिवालय सहयोगी (प्रशासन अधिकृत) | श्री कृष्ण कुमार कँडेल | शान्तिनगर गाँउपालिका |
| | २ | क अ | श्री काशिमर भण्डारी | |
| | ३ | स क अ | श्री टेक बहादुर केशी | |
| | ४ | का स | श्री शिव प्रसाद वली | |

मिति २०८१।०४।०८ गते गाउँकार्यपालिकाको वैठकमा शान्तिनगर गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ९ (१) बमोजिम अध्यक्षबाट प्रस्तुत गरिएका प्रस्तावहरु:

१. नदिजन्य पदार्थको ठेक्का लगाउने सम्बन्धमा।
२. नदि घाटहरुको IEE गर्ने सम्बन्धमा।
३. नदीजन्य पदार्थको मौज्दात प्रमाणित गर्ने सम्बन्धमा।
४. कानून निर्माण निर्माण गर्ने सम्बन्धमा।
५. स्थानीय दररेट स्वीकृत गर्ने।
६. गौशाला स्तान्तरण गर्ने सम्बन्धमा।
७. म्याद थप सम्बन्धमा

प्रमुख प्रशासकीय अधिकृत

शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## मिति २०८१/०४/०८ गते बसेको गाउँ कार्यपालिकाको प्रथम बैठकका निर्णयहरु

**निर्णय नं.-१**

प्रस्ताव नं १, मा छलफल गर्दा शान्तिनगर गाउँपालिका क्षेत्रभित्रका नदी/खोलाहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल) उत्खनन् तथा विक्री वितरण गर्ने प्रयोजनार्थ आर्थिक वर्ष २०८१।०८०८२ का लागि IEE भएका देहायका नदी तथा खोलाहरुको घाटमा ठेक्का आह्वान गरी कार्य अघि बढाउने गर्ने निर्णय गरियो ।

**तपशिल:**

| सि नं | नदी/खोलाको घाट | परिमाण (घनफिट) | वडा नं | कैफियत |
|---|---|---|---|---|
| १ | बौलाह खोलाको कोर्वाङ घाट | | ६ | |
| २ | बबई नदीको गैरातिल्वारी घाट | | ७ | |
| ३ | बबई नदीको डाँडातिल्वारी घाट | | ६ | |

**निर्णय नं.-२**

यस गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न नदी तथा खोलाहरुको बालुवा, गिट्टी तथा ढुङ्गा उत्खनन तथा विक्री वितरण गर्नका लागि प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण IEE को समय समाप्त भएकोले विभिन्न नदि तथा खोलाका घाटहरुको देहाय बमोजिमको प्याकेज निर्माण गरी प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण IEE गर्ने ।

१) बान्द्रेखोलाको झोलुङ्गेपुल घाट,
२) च्याटी खोलाको खिलतपुर घाट,
३) केराघारी खोलाको स्कूलमाथिको घाट,
४) बागर खोलाको खड्कपुर घाट,
५) बौलाह खोलाको जुम्लेखोला घाट,
६) बौलाह खोलाको विष्णुपुर घाट,
७) बौलाह खोलाको बाघढोई घाट,
८) बौलाह खोलाको काँसीपुर घाट,
९) बबई नदिको कोर्वाङ घाट,
१०) बबई नदिको देविपुर घाट (१)

**निर्णय नं.३,**

आ व २०८०।०८१ मा नदिजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण प्रयोजनका लागि ठेक्का नं १६SRM/SQ/२०८०।०८१ बबई नदिको देविपुर घाट (२) बाट ६४०० घन मिटर नदिजन्य पदार्थ उत्खनन गर्ने बेगम कन्स्ट्रक्शन सेवा शान्तिनगर-६ धनौरीसंग मिति २०८०।१२।१९ मा ठेक्का सम्झौता गरी कार्यादेश दिईएको सन्दर्भमा उक्त कम्पनीले समय सीमा भित्र उत्खनन् गरेर विक्री गर्न नसकेको नदिजन्य पदार्थ प्रमाणित गरिपाउँ भनि ठेकेदार कम्पनीले मिति २०८१।०४।०७ गते कार्यालयमा निवेदन पेश गरेको र ठेकेदार कम्पनीले सम्झौता बमोजिम गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने सबै रकम पालिकाको खातामा जम्मा पनि गरिसकेको हुँदा कार्यालयबाट स्थलगत अनुगमन गरी मौज्दात चेक जाँच गर्न सब-ईन्जिनियर अंतुल आचार्यलाई खटाईएकोमा निजले मिति २०८१।०४।०८ मा पेश गरेको प्रतिवेदन अनुसार ६ नं वडाको बबईखोला छेउ देविपुरमा उक्त कम्पनीले जम्मा गरी राखेको ३२३०।५० घनमिटर गिट्टी, बालुवा मौज्दात प्रमाणित गर्ने ।

प्रमुख प्रशासकीय अधि...

शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प्रमोद बस्नेत
अध्यक्ष

CamScanner

**निर्णय नं ४**

गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरबार बिहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण गर्न आफैले चाहेमा पराल वा खर, वा पुराना खपटाको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि जस्तापाता वितरण कार्यलाई व्यवस्थित गर्न "जस्तापाता वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१" र शान्तिनगर गाउँपालिकाको लेखा समिति(गठन तथा संचालन) कार्यविधि,२०८१ निर्माणको लागि शैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं ५**

यस गाउँपालिकामा चालु आ.ब.२०८१/०८२ का लागि तपशिल अनुसारको स्थानिय दररेट स्वीकृत गरि लागू गर्ने निर्णय गरियो ।

- भौतिक निर्माण तथा योजनाहरुको लागत अनुमानको लागि पुर्वाधार विकास शाखाबाट पेश भए बमोजिमको (जिल्ला दररेट बमोजिमको) दररेट,

- ढुवानीको हकमा जिल्ला दररेटको अतिरिक्ति देहाय बमोजिम ढुवानी दररेट कायम गर्ने ।
  १. १ नं वडाको पेदीखोला गाउँभन्दा माथि पर्ने सबै क्षेत्रका लागि जिल्ला दररेटमा १०० प्रतिशत थप गर्ने ।
  २. २ नं वडाको अदुवाबारी, चाँपीकोट क्षेत्र तथा सोदेखि माथिका क्षेत्रका लागि जिल्ला दररेटमा १०० प्रतिशत थप गर्ने
  ३. ३ नं वडाको बस्तीखोला र भ्यूडहरको गाउँभन्दा माथिल्लो क्षेत्रका लागि जिल्ला दररेटमा १०० प्रतिशत गर्ने ।

**निर्णय नं.-६ .**

यस गाउँपलिकाको २ नं वडा स्थित खहरेखोलामा सञ्चालन भएको गौशालाका कारणले समुदायमा असर परेकोले गौशाला स्थानान्तरण गरीपाउँ भनि डम्बर बहादुर राना समेतका केही स्थानीय समूदायहरुबाट मिति २०८१।०४।०३ गते संयुक्त निवेदन प्राप्त भएकोले वडा नं ६ र ७ को सीमानामा पर्ने आमखोलीमा गाईको लागि चरिचरन र खडेरीमा पानीको समेत उपलव्धता हुने हुँदा उक्त स्थानमा गौशाला सञ्चालन गर्न उपयुक्त हुने हुँदा सोही स्थानमा गौशाला सार्ने निर्णय गरियो ।

**निर्णय नं-७**

आर्थिक वर्ष २०८०।८१ को विनियोजित बजेट तथा कार्यक्रममा समावेश भई विभिन्न ठेकेदार कम्पनीसंग यसै आर्थिक वर्षमा कार्य सम्पन्न हुने गरी सम्झौता भएका योजना कार्यक्रमहरु विभिन्न कारणले सम्झौताका म्यादभित्र (समयमै) सम्पन्न हुन नसकी बाँकी रहेकोले म्याद थप गरिपाउँ भनि फरक फरक मितिमा सम्बन्धित ठेकेदार कम्पनीबाट निवेदन प्राप्त हुन आएको सन्दर्भमा निर्धारित समयमा कार्य सम्पन्न नभइ बाँकी रहेका योजना तथा कार्यक्रमको पुरानै ठेक्काको म्याद थप गरी कार्य सम्पन्न गर्न आर्थिक हिसाबले मितव्ययी देखिन आएकोले पालिकालाई थप आर्थिक दायित्व नपर्ने र निर्माण व्यवसायिले म्याद थपका कारण कुनै पनि किसिमका थप आर्थिक सेवा सुविधा दाबि गर्न नपाउने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० र संघीय तथा प्रदेश सरकारबाट सशर्त र समपुरक अनुदान अन्तर्गतका योजनाहरु समयमै ठेक्का बन्दोबस्त भएतापिन ठेकेदार कम्पनीको ढिला सुस्ती हुन गई सम्झौता बमोजिम कार्य सपन्न नहुँदा अनुदान रकम फ्रिज भई सो बराबरको रकम पालिकाको दायित्व बढेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम म्याद सकिएकै मितिदेखि लागू हुने गरी तपशिलका योजनाहरुको मिति २०८१ मंसिर मसान्तसम्म ५ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो । साथै उक्त योजनाको भुक्तानी हुन बाँकी रकम आ.ब. २०८१।०८२ मा शान्तिनगर गाउँपालिकाको अघिल्लो आ ब को भुक्तानी दिन बाँकी शिर्षकमा बिनियोजित रकमबाट भुक्तानी दिने समेत निर्णय गरियो ।

| सि नं | योजना/कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | रगैजा चिलहरिया गैरातिल्वारी सकडक कालोपत्रे | |
| २ | जुम्लेकूला चौतारी भलानेटी बस्तीखोला हुँदै सुन्दरादेवि मन्दिरसम्मको बाटो कालोपत्रे | |
| ३ | खैरनी जुम्लेकूला सडक स्तरोन्नती कालोपात्रे | |
| ४ | चिराघाटदेखि गिधनिया हुँदै खड्कपुर रोड कालोपत्रे | |
| ५ | सिम सुन्दरपुरको रानी पिपल चौतारीदेखि चिसापानी जोड्ने सडक स्तरोन्नती | |

प्रमुख प्रशासकीय अधिकृ

प्रमोद बस्नेत
अध्यक्ष